## एक चिकित्सक / स्वास्थ्यकर्मी एक स्वास्थ्य संस्था (कार्यक्रम सञ्चालन) कार्यविधि, २०७७

प्रस्तावनाः विस्तारित अस्पताल सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा नर्स लगायत स्वास्थ्यकर्मीले एकभन्दा बढी स्वास्थ्य संस्थामा काम गर्ने परिपाटीलाई निरुत्साहित गर्दै एउटा मात्र स्वास्थ्य संस्थामा काम गर्ने वातावरण सृजना गरी नागरिकको स्वास्थ्य सेवामा समतामूलक पहुँचका साथै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नका लागि जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३१ को उपदफा (१) र (२) को प्रयोजनको लागि नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "एक चिकित्सक / स्वास्थ्यकर्मी एक स्वास्थ्य संस्था (कार्यक्रम सञ्चालन) कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "कार्यक्रम" भन्नाले एक चिकित्सक/स्वास्थ्यकर्मी एक स्वास्थ्य संस्था कार्यक्रम सम्झनु पर्छ ।

(ख) "न्यूनतम् सेवा मापदण्ड (Minimum Service Standard)" भन्नाले दफा ५ को उपदफा (१) बमोजिम मन्त्रालयले निर्धारण गरेको मापदण्ड सम्झनु पर्छ ।

(ग) "विस्तारित अस्पताल सेवा" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३१ बमोजिम अस्पतालको नियमित समय बाहेकको अतिरिक्त समयमा प्रदान गरिने सेवा सम्झनु पर्छ ।

(घ) "स्वास्थ्य संस्था" भन्नाले कार्यक्रम लागू भएको सरकारी स्वास्थ्य संस्था वा अस्पताल सम्झनु पर्छ ।

३. कार्यक्रम लागू हुनेः (१) मन्त्रालयले तोके बमोजिमका सरकारी स्वास्थ्य संस्थामा कार्यक्रम लागू हुनेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम लागू भएका स्वास्थ्य संस्थाले विस्तारित अस्पताल सेवा प्रदान गर्नेछन्।

४. अतिरिक्त भत्ता र अन्य सुविधा उपलब्ध गराउने: (१) दफा ३ बमोजिम कार्यक्रम लागू भएको स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा नर्स लगायतका स्वास्थ्यकर्मीलाई सम्बन्धित स्वास्थ्य संस्थाले अतिरिक्त भत्ता र अन्य सुविधा उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा नर्स लगायतका स्वास्थ्यकर्मीलाई देहाय बमोजिमका अतिरिक्त भत्ता र अन्य सुविधा उपलब्ध गराइनेछः–

(क) कार्यसम्पादनको आधारमा चिकित्सकलाई अनुसूचीमा उल्लेख भए बमोजिम शत प्रतिशत अतिरिक्त भत्ता,

(ख) विस्तारित अस्पताल सेवा प्रदान गर्ने चिकित्सक तथा नर्स लगायतका स्वास्थ्यकर्मीलाई सो कार्यक्रम सञ्चालनबाट प्राप्त आयमा प्रत्यक्ष खर्च कटाएर प्राप्त आम्दानीको बीस प्रतिशत सम्बन्धित स्वास्थ्य संस्थालाई छुट्टयाई बाँकी असी प्रतिशत अतिरिक्त भत्ता,

(ग) स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा नर्स लगायतका स्वास्थ्यकर्मीको निःशुल्क स्वास्थ्य बिमा,

(घ) स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा नर्स लगायतका स्वास्थ्यकर्मीको निरन्तर व्यावसायिक क्षमता अभिबृद्धि तालिम ।

(३) उपदफा (२) को खण्ड (घ) को प्रयोजनका लागि नेपाल सरकारले स्वास्थ्य संस्थालाई प्रति चिकित्सक तथा नर्स लगायतका स्वास्थ्यकर्मीका लागि एक लाख रुपैयाका दरले बढीमा दश लाख रुपैयाँसम्म वार्षिक रुपमा अनुदान रकम उपलब्ध गराउन सक्नेछ।

५. न्यूनतम् सेवा मापदण्डको निर्धारण र मूल्यांकन गर्ने: (१) मन्त्रालयले कार्यक्रम लागू भएको स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा नर्स लगायतका स्वास्थ्यकर्मीलाई

दफा ४ बमोजिमको अतिरिक्त भत्ता र अन्य सुविधा उपलब्ध गराउने प्रयोजनको लागि न्यूनतम सेवा मापदण्ड निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको न्यूनतम सेवा मापदण्डको आधारमा स्वास्थ्य संस्थाले विस्तारित अस्पताल सेवा उपलब्ध गराउने चिकित्सक तथा स्वास्थ्यकर्मीलाई दफा ४ बमोजिमको अतिरिक्त भत्ता र अन्य सुविधा उपलब्ध गराउँदा न्यूनतम् सेवा मापदण्डको मूल्यांकन गर्नु पर्नेछ।

(३) स्वास्थ्य संस्थाले उपदफा (२) बमोजिमको न्यूनतम् सेवा मापदण्डको मूल्यांकन प्रत्येक चार महिनामा गर्नु पर्नेछ।

(४) दफा ४ बमोजिमको अतिरिक्त भत्ता र अन्य सुविधा उपलब्ध गराउने प्रयोजनको लागि भत्ताको प्रतिशत निर्धारण गर्दा पछिल्लो न्यूनतम् सेवा मापदण्डको मूल्यांकनको आधारमा निर्धारण गर्नु पर्नेछ।

(५) यस दफा बमोजिमको न्यूनतम् सेवा मापदण्डको मूल्यांकन सम्बन्धी विवरण सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुखले प्रमाणित गर्नु पर्नेछ।

६. <u>अन्यत्र सेवा गर्न नपाउने</u>: (१) स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा नर्सलगायत स्वास्थ्यकर्मीले अन्यत्र सेवा गर्न पाउने छैनन् ।

(२) दफा ७ बमोजिम अनुगमन गर्दा वा अन्य कुनै तरिकाले उपदफा (१) विपरीत कुनै चिकित्सक तथा नर्स लगायतका स्वास्थ्यकर्मीले अन्य संस्थामा गई सेवा प्रदान गरेको पाइएमा दफा ४ बमोजिम प्रदान गरेको अतिरिक्त भत्ता र अन्य सुविधा असुल उपर गरी प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(३) उपदफा (२) बमोजिम कारबाही गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका प्रदान गर्नु पर्नेछ।

७. <u>अनुगमन गर्ने</u> : (१) स्वास्थ्य संस्थाले यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गरे वा नगरेको वा विस्तारित अस्पताल सेवा प्रदान गरे वा नगरेको सम्बन्धमा मन्त्रालयबाट खटिएको अधिकारी वा मन्त्रालयले तोकेको निकायले अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खटिएको अधिकारी वा तोकिएको निकायले अनुगमनका क्रममा देखिएका विषयहरु औंल्याई अनुगमन कार्य सम्पन्न गरेको मितिले एक महिनाभित्र मन्त्रालयसमक्ष प्रतिवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनको आधारमा मन्त्रालयले कुनै निर्देशन दिनु पर्ने देखिएमा सम्बन्धित स्वास्थ्य संस्थालाई आवश्यक निर्देशन दिन वा प्रचलित कानून बमोजिम कारबाही गर्नु पर्ने देखिएमा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

८. <u>अभिलेख राख्नु पर्ने</u>: कार्यक्रम लागू भएका स्वास्थ्य संस्थाले आफ्नो संस्थाले प्रदान गरेको विस्तारित अस्पताल सेवा अन्तर्गत सेवाग्राहीलाई उपलब्ध गराइएको सेवा सम्बन्धी अभिलेख सुरक्षित रूपमा राख्नु पर्नेछ ।

९. <u>कार्यक्रम लागू गर्न सक्ने</u>: (१) प्रचलित कानून बमोजिम स्थापना भएका गैरसरकारी, निजी, सहकारी तथा गैर नाफामूलक सामुदायिक स्वास्थ्य संस्थाले समेत यो कार्यक्रम लागू गर्न सक्ने छन् ।

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले कार्यक्रम सञ्चालन गर्दा लाग्ने खर्च त्यस्तो स्वास्थ्य संस्था आफैंले व्यहोर्नु पर्नेछ।

१०. <u>कार्यविधिको व्याख्या</u>: यस कार्यविधि कार्यान्वयनको सिलसिलामा द्विविधा भएमा त्यसको व्याख्या मन्त्रालयले गर्नेछ।

११. <u>अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने</u>: मन्त्रालयले अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

<u>अनुसूची</u>

(दफा ४ को उपदफा (२) को (क) सँग सम्बन्धित)

<u>अतिरिक्त भत्ताको निर्धारण प्रकृया</u>

स्वास्थ्य संस्थाले अतिरिक्त भत्ताको निर्धारण देहाय बमोजिम गर्नेछः-

(क) १०० प्रतिशत भत्ता : MSS Score ८०% वा सोभन्दा माथि भएमा वा पछिल्लो स्कोरमा २५% बढी आएमा ।

(ख) ७५ प्रतिशत भत्ता : MSS Score ६० देखि ८०% भएमा वा पछिल्लो स्कोरमा २० % बढी आएमा।

(ग) ५० प्रतिशत भत्ता : MSS Score ४० देखि ६०% भएमा वा पछिल्लो स्कोरमा १५% बढी आएमा।

(घ) २५ प्रतिशत भत्ता : MSS Score ४०% भन्दा कम आएमा।

| आधारभूत स्कोर (पछिल्लो स्कोर %) (क) | हालको न्युनतम सेवा मापदण्ड (MSS) स्कोर % (ख) | MSS स्कोर वृद्धि (%) (ख-क) | अतिरिक्त भत्ता (%) | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |

न्यूनतम् सेवा मापदण्ड मूल्यांकन अवधिः.... देखि .....सम्म ।